कार्यपालिकाबाट पहिलो संशोधन स्वीकृत मितिः २०८०/१०/२९

# पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

# पशुपन्छी विकास कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०

नगरकार्यपालिकाबाट मिति २०८०/१०/२९ मा पारित यो पहिलो संशोधन कावासोती कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७५ को नियम (४) को उपनियम (१) बमोजिम प्रमाणिकरण गर्दछु।

(लिलाराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
मितिः२०८०/११/०२

**कावासोती नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

कार्यपालिकाबाट पहिलो संशोधन स्वीकृत मितिः २०८०/१०/२९

# कावासोती नगरपालिकाको खर्चको मापदण्ड, २०८०

कावासोती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

# पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७८

**पहिलो संशोधनः २०८०/१०/२९**

**प्रस्तावनाः**

कावासोती नगरपालिका भित्र व्यवसायिक र गैर व्यवसायिक रुपमा कृषि, पशुपन्छी तथा मत्स्यपालन गरेका कृषकहरुलाई व्यवस्थित र मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको कृषि र पशुपालन व्यवसायलाई मर्यादित एवं व्यवसायिक बनाउदै स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय पशुपन्छीजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण श्रृजना गरि कृषि व्यवसायमा आकर्षण बढाउदै व्यवसायिक बनाउदै उत्पादन देखि बजारिकरण सम्मका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनिय भएकाले

कावासोती नगरपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ दफा ४(१) बमोजिम कावासोती नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरि लागु गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **"पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७८"** रहेको छ।

ख) यो कार्यविधि कावासोती नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषाः**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "**कार्ययोजना**" भन्नाले सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्नका लागि साझेदारले पेश गरेको विस्तृत क्रियाकलाप, लागत, समय, स्थान र जिम्मेवारी सहितको प्रस्तावना सम्झनु पर्छ।

ख. **"कृषक"** भन्नाले पशुपन्छी तथा मत्स्यपालन गर्ने किसानलाई सम्झनु पर्छ।

**ग.** **"कृषक समुह"** भन्नाले कृषि पेशामा संग्लग्न भई मिल्दाजुल्दा समस्या र आवाश्यकता र चाहाना भएका न्यूनतम १५ वा बढीमा २५ भई निर्माण गरिएको समुहलाई सम्झनु पर्दछ।

घ. **"च्यापकटर मेसिन"** भन्नाले सुकेको वा हरियो घाँसलाई टुक्रा पार्ने स्वचालित वा मानवद्धारा सञ्चालित मेसिन सम्झनु पर्छ।

ङ. **"डेरीपसल"** भन्नाले व्यवसायिक रुपमा दुध र दुग्धजन्य पदार्थ खरिद विक्रि गर्ने स्थान सम्झनु पर्छ।

च. **"नगरपालिका"** भन्नाले कावासोती नगरपालिकालाई सम्झनु पर्छ।

छ. **"प्राविधिक"** भन्नाले पशु विज्ञान विषयमा कम्तिमा SEE वा सो सरह उत्तिर्ण गरेको व्यक्ति सम्झनु पर्छ।

ज. "मासुपसल" भन्नाले व्यवसायिक रुपमा पशु वा पन्छीको मासु विक्रि गर्ने स्थान सम्झनु पर्छ।

झ. **"लागत सहभागिता"** भन्नाले सहभागि कृषक, फर्म, कृषक समुह र सहकारीले बेहोर्ने कार्यक्रम अनुसारको रकम भनि सम्झनु पर्छ।

ञ. **"विशेषज्ञ"** भन्नाले कम्तिमा पशु चिकित्सा, पशु विज्ञान र मत्स्य विज्ञान विषयमा स्नातक तह उत्तिर्ण गरेको व्यक्ति सम्झनु पर्छ।

ट. **"शाखा"** भन्नाले कावासोती नगरपालिकामा रहेको पशुपन्छी तथा मत्स्य विकास शाखा भनि सम्झनु पर्छ।

ठ. **"साझेदार"** भन्नाले पशुपन्छी विकास सम्बन्धी कार्यक्रम सहकार्यमा सञ्चालन गर्न ईच्छुक कृषक, कृषक समुह, समिति, सहकारी, फार्म, कम्पनी समेतलाई जनाउँदछ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्।

क. नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने।

ख. कृषि र पशुजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरि आय आर्जन र पोषण सुरक्षामा टेवा पुर्याउने।

ग. जनचेतना अभिबृद्धिबाट स्वस्थ, स्वच्छ पशु तथा पशुजन्य उत्पादन बृद्धि गरि उपभोक्ता सम्म पुर्याउन असल व्यवस्थापन अभ्यास (Good Management Practices) लाई प्रोत्साहन गर्ने।

घ. कृषि, पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ उत्पादनलाई बजारिकरण तथा विविधीकरणमा जोड दिदै मूल्यश्रृखंलामा जोड दिने।

ङ. खाद्य तथा पोषण सुरक्षा तथा गरिबि निवारणमा टेवा पुर्याउने।

च. उन्नत श्रोत केन्द्रहरुको विस्तार गरि पशुपन्छी, मत्स्य र घाँसमा आत्म निर्भर बनाई उत्पादन लागत कम गर्ने।

## परिच्छेद २

## पशु स्वास्थ्य सेवा कार्यक्रम

**४. पशु स्वास्थ्य कार्यक्रमहरुः** नगरपालिकामा रहेको शाखाले निम्न कार्यक्रमहरु सञ्चालन गर्नेछ।

| |
|---|
| पशु स्वास्थ्य व्यवस्थापनका लागि औषधि वितरण |
| खोप सेवा (HS/BQ/PPR/ARV/FMD/RD) |
| पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर (Door to Door) |
| भुस्याहा कुकुर नियन्त्रण र बन्धाकरण कार्यक्रम |

**५. कार्यक्रम सञ्चालन प्रक्रियाः**

क. शाखाले स्थानिय जनताको आवश्यकता र मागका आधारमा पशु स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नेछ।

ख. *शाखाले आवश्यक पर्ने निम्न औषधीहरु, खोप लगायत अन्य सामाग्रीहरु सार्वजनिक खरिद ऐन र नियमावली अनुसार व्यवस्थापन गर्नेछ।

औषधीहरु, खोप र अन्य सामाग्रीहरुः Antibiotics (Tetracycline, Sulphadiazine and Trimethoprim, Cotrimoxazole, Neomycin and doxycycline, Penicillin etc.), Analgesics (Meloxicam and Paracetamol), Anthelmintics Internal parasites: Albendazole, Fenbendazole, Oxyclozanide, Levamisole, Ivermectin, Praziquintal, Piprazine etc. External parasites: Cypermetrin, Amitarz etc.), Appetite stimulant, Antiseptics and Disinfectants, Topical ointments, Syringe, Gloves, Cotton, Gauze, Vaccines (FMD, LSD, Rabies, HSBQ, ASF, CSF, ND etc.)

* पहिलो संशोधनद्धारा संसोधित।

ग. शाखाले नगरपालिकालाई पूर्ण खोप युक्त बनाउनका लागि आवश्यक प्राविधिक खोपकर्ताको सुचिकृत गरि कार्यक्रम सञ्चालन गर्नेछ। यसरी खोप कार्यक्रम संचालन गर्दा खोपकर्तालाई सेवा शुल्क वापत गाईभैसी बंगुर र कुकुर प्रति गोटा बीस रुपिया, भेडाबाख्रा प्रतिगोटा दश रुपिया र कुखुरा प्रतिगोटा पाँच रुपिया प्रदान गरिनेछ।

घ. शाखाले विशेषज्ञ टोली सहित डोर टु डोर बाँझोपन शिविर सञ्चालन गर्नेछ।

ङ. शाखाले भुस्याहा कुकुरको नियन्त्रण र बन्धाकरण कार्यक्रम अन्य साझेदार सँगको सहकार्यमा सञ्चालन गर्नेछ।

च. पशु स्वास्थ्यको अनुगमन र निरिक्षण नगरपालिकामा गठित अनुगमन र निरिक्षण समिति ले गर्नेछ।

## परिच्छेद ३

## पशु आहार विकास कार्यक्रम

**६. पशु आहार विकास कार्यक्रमहरुः** नगरपालिकामा रहेको शाखाले निम्न कार्यक्रमहरु सञ्चालन गर्नेछ।

| |
|---|
| *७५% अनुदानमा पशुपन्छी तथा मत्स्य यान्त्रिकरण सहयोग कार्यक्रम |
| नयाँ प्रजातिको हिउद घाँसको बिउ (जै, बर्षिम र भेच) खरिद वितरण |
| नयाँ प्रजातिको बर्षे घाँसको बिउ (सुडान,टियोसेन्टी,बाज्रा) खरिद वितरण |
| नगरस्तरिय घाँस स्रोत केन्द्र स्थापना |
| साईलो पिट निर्माण अनुदान |

**७. कार्यक्रम सञ्चालन प्रक्रियाः**

**क. * पशुपन्छी तथा मत्स्य यान्त्रिकरण सहयोग कार्यक्रमः**

१. *व्यवसायिक पशुपालन र मत्स्यपालन गरेका कृषक/कृषक समुह/सहकारीहरुलाई *पशुपन्छी तथा मत्स्य यान्त्रिकरण सामाग्री खरिद तथा जडानमा ७५ प्रतिशत लागत सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ।

२. स्वीकृत कार्यक्रम, बजेट र आख्तियारी बमोजिम अनुसुची १ अनुसार व्यवसायिक कृषक/कृषक समुह/सहकारीहरुलाई लक्षित गरि नगरपालिकाले १५ दिने सुचना प्रकाशन गरिने छ।

३. प्रस्तावकले अनुसुची ३ अनुसारका कागजातहरु, अनुसुची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसुची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ।

४. *पशुपन्छी तथा मत्स्य यान्त्रिकरण खरिद तथा जडानको लागि मुल्याङ्कन समितिले स्थलगत प्रमाणिकरण र अन्तिम मुल्याङ्कन गर्नेछ।

५. छनौट भएका प्रस्तावकको कार्ययोजना स्वीकृत गरि शाखाले अनुसुची ७ बमोजिम सम्झौता गर्नेछ।

६. ♣पशुपन्छी तथा मत्स्य यान्त्रिकरण सहयोग कार्यक्रम अन्तर्गत कृषकहरुले आवश्यक पर्ने च्याफकटर, कम्बाईन मिल, ग्रासकटर, एरियटर, महाजाल र अन्य पशुपालन र मत्स्यपालनमा प्रयोग हुने उपकरण माग गर्न सक्नेछन्।

---

* पहिलो संशोधनद्धारा संसोधित।

♣ पहिलो संशोधनद्धारा थप गरिएको।

**ख. घाँसेवाली स्रोत केन्द्र स्थापनाः**

१. व्यवसायिक पशुपालन गरेका कृषक/कृषक समुह/सहकारीद्धारा घाँसको उत्पादन बढाउनका लागि ७५ प्रतिशत लागत सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ।

२. स्वीकृत कार्यक्रम, बजेट र आख्तियारी बमोजिम अनुसुची १ अनुसार व्यवसायिक कृषक/कृषक समुह/सहकारीहरुलाई लक्षित गरि नगरपालिकाले १५ दिने सुचना प्रकाशन गरिने छ।

३. प्रस्तावकले अनुसुची ३ अनुसारका कागजातहरु, अनुसुची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसुची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ।

४. रितपूर्वक परेका प्रस्तावहरु लाई मुल्याङ्कन समितिले स्थलगत प्रमाणिकरण र अन्तिम मुल्याङ्कन गर्नेछ।

५. छनौट भएका प्रस्तावकको कार्ययोजना स्वीकृत गरि शाखाले अनुसुची ७ बमोजिम सम्झौता गर्नेछ।

६. यसरी स्थापना भएका घाँसेवाली स्रोत केन्द्रलाई भविष्यमा प्रदर्शन, तालिम तथा उपयुक्त जातहरुको विस्तार तथा प्रसारको लागि प्रयोग गर्न सकिनेछ।

७. घाँस खेतीमा व्यवसायोन्मुख भएका कृषक/कृषक समुह/समिति/सहकारी र निजि फर्मलाई प्राथमिकता दिईनेछ।

८. कृषक/कृषक समुह/समिति/सहकारीले घाँस बाली स्रोत केन्द्र स्थापनाको लागि कम्तिमा ५ कठ्ठा जग्गा हुनुपर्नेछ।

९. छनौट भएका कृषक/कृषक समुह/समिति/सहकारी र निजि फर्मलाई घाँसको नर्सरी स्थापना, सिंचाई व्यवस्थापन, घाँस खेतीमा प्रयोग हुने यन्त्र उपकरण, ग्रेडिङ्ग मेसिन, विउ भण्डारण र सञ्चय र घाँसको बिउ/सेट्स/स्लिप/बेर्नाहरु खरिद गर्न सकिनेछ।

१०. कृषक समुहको हकमा कम्तिमा १० जना सदस्य रहेको हुनुपर्नेछ।

११. छनौट भएका प्रस्तावकले स्रोतकेन्द्र स्थापना गरि कम्तिमा ३ वर्षसम्म सञ्चालन गर्नुपर्नेछ। सो कार्य नगरेमा प्रचलित कानुन अनुसार कारवाही गरिनेछ।

**ग. घाँसको विउ वितरणः**

१. व्यवसायिक पशुपालन गरेका कृषक/कृषक समुह/सहकारीहरुलाई आवश्यकताको आधारमा हिंउदे, वर्षे र वहुवर्षिय घाँस वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

२. स्वीकृत कार्यक्रम, बजेट र आख्तियारी बमोजिम अनुसुची १ अनुसार व्यवसायिक कृषक/कृषक समुह/सहकारीहरुलाई लक्षित गरि नगरपालिकाले १५ दिने सुचना प्रकाशन गरि माग संकलन गरिने छ।

३. प्रस्तावकले अनुसुची ३ अनुसारका कागजातहरु सहित अनुसुची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ।

४. प्रस्तावकले आफुलाई आवश्यक परिमाण प्रष्ट सँग उल्लेख गरि निवेदन पेश गर्नुपर्नेछ।

५. प्रस्तावकको माग र औचित्य हेरी गाईको संख्या अनुसार प्रति गाई अधिकतम २ केजी वा विउको उपलब्धता अनुसार शाखाले शत प्रतिशत अनुदानमा वितरण गर्नेछ।

६. शाखाले सुचनाका आधारमा भएको मागको आधारमा हिंउदे, वर्षे र वहुवर्षिय घाँसको खरिद सार्वजनिक खरिद ऐन र नियमावली अनुसार गर्ने छ।

**घ. साईलो पिट निर्माण अनुदान:-**

१. व्यवसायिक पशुपालन गरेका कृषक/कृषक समुह/समिति/सहकारी र निजि फर्मलाई धैरै भएको आहाराको समुचित उपयोग गर्न र घाँसको अभाव भएको बेला प्रयोग गर्नका लागि साईलो पिट बनाउनका लागि ७५ प्रतिशत लागत सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ।

२. स्वीकृत कार्यक्रम, बजेट र आख्तियारी बमोजिम अनुसुची १ अनुसार व्यवसायिक कृषक/कृषक समुह/सहकारीहरुलाई लक्षित गरि नगरपालिकाले १५ दिने सुचना प्रकाशन गरिने छ।

३. प्रस्तावकले अनुसुची ३ अनुसारका कागजातहरु, अनुसुची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसुची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ।

४. साईलो पिट निर्माण अनुदान व्यवसायिक कृषक/कृषक समुह/समिति/सहकारी र निजि फर्मलाई प्राथमिकता दिईनेछ।

५. साईलो पिट निर्माणको लागि मुल्याङ्कन समितिले स्थलगत प्रमाणिकरण र अन्तिम मुल्याङ्कन गर्नेछ।

६. छनौट भएका प्रस्तावकको कार्ययोजना स्वीकृत गरि शाखाले अनुसुची ७ बमोजिम सम्झौता गर्नेछ।

## परिच्छेद ४

## मासु पसल निर्माण/ सुधार कार्यक्रम

**८. कार्यक्रम सञ्चालन प्रक्रियाः**

१. वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरपालिकाले मासुपसल सुधार कार्यक्रम सञ्चालन गर्नका लागि अनुसुची १ बमोजिमको ढाँचामा १५ दिनको प्रस्ताव आव्हानको सुचना प्रकाशन गर्नेछ।

२. मासु पसल सुधार कार्यक्रम सञ्चालन गर्दा युवा, मासु बिक्रि वितरणमा संलग्न वा नयाँ खोल्न चाहेका मासु उद्यमी वा व्यवसायीललाई प्राथमिकता दिईने छ।

३. यस कार्यक्रममा भाग लिनका लागि कावासोती नगरपालिकामा उक्त व्यवसाय अनिवार्य दर्ता वा नविकरण भएको हुनुपर्नेछ।

४. मासु पसल सुधार कार्यक्रम सञ्चालनको लागि मुल्याङ्कन समितिले रितपूर्वक पर्न आएका प्रस्तावहरुको अनुसुची ५ का आधारमा स्थलगत अनुगमन तथा अन्तिम मुल्याङ्कन गर्नेछ। मुल्याङ्कनमा सफल व्यवसायलाई मात्र यस प्रक्रियामा सहभागी गराईने छ।

५. छनौट भएका प्रस्तावको कार्ययोजना स्वीकृत गरि अनुसुची ७ बमोजिम सम्झौता गरिनेछ।

६. मासु पसल सुधार कार्यक्रममा सहभागि हुने आवेदकले दैनिक कम्तिमा १५ किलो मासु बिक्रि वितरण गरिरहेको हुनुपर्ने र उक्त व्यवसाय ५० प्रतिशत लागत सहभागिता हुनुपर्नेछ।

**९. मासु पसल सुधारका लागि मापदण्डः** मासु पसल सुधार कार्यक्रम अन्तर्गत छनौट भएका प्रस्तावकहरुले कार्ययोजना स्वीकृत गराई देहाय बमोजिमको कार्यमा खर्च गर्न सक्नेछन्।

क. मासुपसल कक्षको भित्तामा कम्तिमा ५ फिट सेतो टायल लगाउने र भुईमा मार्वल वा टायल बिछयाउने।

ख. पशु बध गर्दा निस्कने फोहर व्यवस्थापनको लागि आवश्यक व्यवस्थाका लागि नियमित खर्च गर्ने।

ग. पशुपन्छीको प्रकार अनुसार मासु विक्रि गर्नका लागि पार्टेशन गर्ने।

घ. बधस्थलमा काट्ने, भुत्लाउने र सफा गर्ने स्लाव निर्माण गर्ने।

ङ. मासु राख्ने डिप फ्रिज, सोकेस फ्रिज र चिलर खरिद गरि व्यवस्थापन गर्ने।

च. बधस्थल तथा पसलमा प्रयोग गर्ने उपकरण तथा औजारहरु स्टेलनेस स्टीलको खरिद गर्ने।

छ. * पशु बधशाला तथा मासु जाँच ऐन २०५५ र नियमावली २०५७ लागु गर्न प्रतिबद्ध हुनुपर्ने।

## परिच्छेद ५

## डेरी पसल निर्माण/सुधार कार्यक्रम

**१०. कार्यक्रम सञ्चालन प्रक्रियाः**

१. वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरपालिकाले डेरीपसल निर्माण र सुधार कार्यक्रम सञ्चालन गर्नका लागि अनुसुची १ बमोजिमको ढाँचामा १५ दिनको प्रस्ताव आव्हानको सुचना प्रकाशन गर्नेछ।

२. डेरीपसल निर्माण र सुधार कार्यक्रम सञ्चालन गर्दा ५० प्रतिशत लागत सहभागितामा युवा, दुध बिक्रि वितरणमा संलग्न वा नयाँ खोल्न चाहेका उद्यमी, दुग्ध उत्पादक सहकारी संस्था, कृषक समुह, डेरी उद्योग वा डेरी व्यवसायीलाई संलग्न गराईने छ।

३. प्रस्तावकले अनुसुची ३ अनुसारका कागजातहरु, अनुसुची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसुची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ।

४. यस कार्यक्रममा भाग लिनका लागि व्यवसाय कावासोती नगरपालिकामा दर्ता वा नविकरण भएको हुनुपर्नेछ।

५.डेरी पसल निर्माण र सुधार कार्यक्रम सञ्चालनको लागि मुल्याङ्कन समितिले रितपूर्वक पर्न आएका प्रस्तावहरुको अनुसुची ५ का आधारमा स्थलगत अनुगमन तथा अन्तिम मुल्याङ्कन गर्नेछ। मुल्याङ्कनमा सफल व्यवसायलाई मात्र यस पक्रियामा सहभागि गराईने छ।

६.छनौट भएका प्रस्तावको कार्ययोजना स्वीकृत गरि अनुसुची ७ बमोजिम सम्झौता गरिनेछ।

७. डेरी पसल सुधारका लागि मापदण्डः डेरी पसल निर्माण/ सुधार कार्यक्रम अन्तर्गत छनौट भएका प्रस्तावकहरुले कार्ययोजना स्वीकृत गराई देहाय बमोजिमको कार्यमा खर्च गर्न सक्नेछन्।

क. बिक्रि कक्ष निर्माण, टायल/मार्वल फिटिङ्ग सेटिङ्गका लागि।

ख. मिल्क क्यान, मिल्क एनाईलाईजर, चिलर, डिप फ्रिज खरिद गर्न।

ग. दुध प्याकेजिङ्ग मेसिन खरिद गर्न।

घ. डेरी पसलको फोहोर व्यवस्थापनका लागि।

ङ. डेरी पसलमा प्रयोग हुने औजारहरु फुडग्रेड स्टेनलेस स्टीलका लागि।

च. डेरी पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन अभ्यास (एप्रोन, गमबुट, मास्क,क्याप र ग्लोभ) का सामाग्री खरिद गर्न

छ. ✂........

---

* पहिलो संशोधनद्धारा संसोधित।

✂........ पहिलो संशोधनद्धारा हटाईएको।

## परिच्छेद ६
## भकारो सुधार कार्यक्रम

### ११. कार्यक्रम सञ्चालन प्रक्रियाः

क. भकारो सुधार कार्यक्रम स्वीकृत कार्यक्रम र बजेटको ५० प्रतिशत लागत सहभागितामा सञ्चालन गरिनेछ।

ख. शाखाले कृषक/कृषक समुह/समिति/सहकारीलाई लक्षित गरि अनुसुची १ को ढाँचामा १५ दिने सुचना प्रकाशन गरि प्रस्ताव माग गर्नेछ।

ग. प्रस्तावकले अनुसुची ३ अनुसारका कागजातहरु संलग्न गरि अनुसुची ४ बमोजिमको ढाँचामा निवेदन शाखामा दिनुपर्नेछ।

घ. कार्यक्रम सञ्चालनको लागि रितपूर्वक आएका प्रस्तावहरुलाई मुल्याङ्कन समितिले अनुसुची - ६ बमोजिम स्थलगत अनुगमन तथा प्रस्ताव मुल्याङ्कन गर्नेछ । मुल्याङ्कनमा सफल व्यवसायलाई मात्र यस पक्रियामा सहभागि गराईने छ।

ङ. छनौट भएका प्रस्तावको स्वीकृत गरि अनुसुची ७ बमोजिम सम्झौता गरिनेछ।

## परिच्छेद ७
## उन्नत पशुपन्छी श्रोत केन्द्र स्थापना (गाई, भैसी,बंगुर र बाख्रा)

### १४. कार्यक्रम सञ्चालन प्रक्रियाः

क. पशुपालक फर्म/ कृषक समुह/समिति/सहकारीहरुलाई लक्षित गरि ७५ प्रतिशत लागत सहभागितामा यो कार्यक्रम सञ्चालन गरिनेछ।

ख. शाखाले कृषक/कृषक समुह/समिति/सहकारीलाई लक्षित गरि अनुसुची १ को ढाँचामा १५ दिने सुचना प्रकाशन गरि प्रस्ताव माग गर्नेछ।

ग. ईच्छुक साझेदारले अनुसुची ३ अनुसारका कागजातहरु संलग्न गरी अनुसुची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसुची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ।

घ. पशुपालन व्यववसाय उन्मुख भएका फर्म/ कृषक समुह/समिति/सहकारीलाई प्राथमिकता दिईनेछ।

ङ. मुल्याङ्कन समितिले स्थलगत अनुगमन तथा प्रस्ताव मुल्याङ्कन गर्नेछ। मुल्याङ्कनमा सफल व्यवसायलाई मात्र यस पक्रियामा सहभागि गराईने छ।

च. छनौट भएका प्रस्तावको कार्ययोजना स्वीकृत गरि अनुसुची ७ बमोजिम सम्झौता गरिनेछ।

छ. यसरी स्थापना भएका श्रोत केन्द्रहरुले फार्ममा भएका माउ तथा पेडिग्रि अभिलेख राख्नुपर्नेछ। यस्ता फार्महरुलाई भविष्यमा प्रर्दशन, तालिम तथा उपयुक्त जातको विस्तार तथा प्रसारको लागि प्रयोग गरिनेछ।

ज. साझेदार संस्थाले अनुदान बापतको रकम उचित प्रकारको गोठ व्यवस्थापन, मेसिनरी औजार, भौतिक संरचना, प्रजनन,पशु स्वास्थ्य, जैविक सुरक्षा, बजार व्यवस्थापन र उन्नत जातको पशु व्यवस्थापन जस्ता कार्यमा खर्च गर्न सक्नेछन्।

झ. छनौट भएका प्रस्तावकले स्रोतकेन्द्र स्थापना गरि कम्तिमा ५ वर्षसम्म सञ्चालन गर्नुपर्नेछ। सो कार्य नगरेमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ।

**१५. श्रोत केन्द्र स्थापनाका मापदण्डहरुः**

श्रोत केन्द्र स्थापनाका मापदण्डहरु देहाय बमोजिम हुनेछः

क. गाई/भैसी/बंगुर र बाख्राका लागि पशुसंख्याको मापदण्डहरु ततपशिल बमोजिमको हुनेछ।

| विवरण | छनौटका लागि हुनुपर्ने पशु संख्या | | | | कार्यक्रमको अन्त्यमा पुर्याउनुपर्ने माउ पशु संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गाई | भैसी | बाख्रा | बंगुर | गाई | भैसी | बाख्रा | बंगुर |
| निजी फर्म कृषक | ५० | ५० | १०० | ५० | ७० | ७० | १५० | ७० |
| कृषक समुह/समिति/सहकारी | १०० | १०० | ३०० | १०० | १५० | १५० | ५०० | १५० |

ख. कृत्रिम गर्भाधान मार्फत प्रजनन गराउनु पर्नेछ।

ग. श्रोत केन्द्र रहने स्थानमा सडक, सञ्चार, सिँचाई, पानी र बिजुली जस्ता भौतिक पूर्वाधारहरुको सुविधा भएको हुनुपर्नेछ।

घ. बाह्रै महिना हरियो घाँसपात उपलब्ध हुन सक्ने स्थान हुनुपर्नेछ।

ङ. निजी फर्मका लागि न्यूनतम १० विगाहा जग्गा हुनुपर्ने वा भाडामा भए कम्तिमा १० वर्षको लागि भाडामा लिएको सम्झौता गरि घाँसखेती गरेको हुनुपर्नेछ।

च. गाईभैसीको हकमा वार्षिक रुपमा २५ कोरली/ थोरे पाडी वा दुहुनो बिक्रिको लागि उपलब्ध गराउन प्रतिबद्ध हुनुपर्नेछ।

छ. बाख्राको हकमा वार्षिक रुपमा ५० पठङ्ग्रा/ पठाङ्ग्री बिक्रिको लागि उपलब्ध गराउन प्रतिबद्ध हुनुपर्नेछ।

ज. बंगुरको हकमा वार्षिक रुपमा ५० पाठापाठी बिक्रिको लागि उपलब्ध गराउन प्रतिबद्ध हुनुपर्नेछ।

## परिच्छेद ८

## दुध प्रशोधन तथा विविधिकरण उद्योगको लागि सहयोग कार्यक्रम

**१६. कार्यक्रम सञ्चालन प्रक्रियाः**

क. नगरपालिकाले दुध प्रशोधन तथा विविधिकरण उद्योग स्थापना गर्न ५० प्रतिशत लागत सहभागितामा अनुसुची १ को ढाँचामा १५ दिने सुचना प्रकाशन गरि प्रस्ताव माग गर्नेछ।

ख. उद्योग स्थापना सहयोग कार्यक्रम सञ्चालन गर्दा दुधको कारोबारमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने दुध तथा दुग्धजन्य उद्यमी/ डेरी पसल तथा दुग्ध सहकारी र निजि फार्महरुले प्राथमिकता पाउनेछन्।

ग. ईच्छुक साझेदारले अनुसुची ३ अनुसारका कागजातहरु संलग्न गरी अनुसुची ४ बमोजिमको ढाँचामा कार्ययोजना बनाई अनुसुची २ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

घ. मुल्याङ्कन समितिले स्थलगत अनुगमन तथा प्रस्ताव मुल्याङ्कन गर्नेछ । मुल्याङ्कनमा सफल व्यवसायलाई मात्र यस प्रक्रियामा सहभागी गराईने छ ।

ङ. छनौट भएका प्रस्तावको कार्ययोजना स्वीकृत गरि अनुसुची ७ बमोजिम सम्झौता गरिनेछ ।

च. उद्योग स्थापनामा सहभागि हुने आवेदकले दैनिक १००० लि प्रशोधित दुधबाट दुग्धजन्य पदार्थको विविधिकरण गर्नुपर्नेछ ।

छ. सम्बन्धित साझेदारले स्वस्थ्यकर दुग्धजन्य पदार्थ बिक्रिवितरण सम्बन्धि आचारसंहिता (Good Milk Handling Practice) लागु गर्ने प्रतिबद्ध हुनुपर्नेछ ।

ज. छनौट भएका प्रस्तावकले उद्योग सञ्चालनका लागि मिल्क प्याकेजिङ्ग मेसिन, मिल्क पाश्चुराईजर युनिट, चिलिङ्ग भ्याट, क्रिम सेप्रेटर, बटर चर्नर, आईसक्रिम मेसिन, खुवा बनाउने मेसिन, पनिर बनाउने मेसिन, वातावरणीय अनुकुलित कोठा, डिस्प्ले फ्रिज लगाएत अन्य आवश्यक मेसिनरी उपकरण, भित्ता र भुईमा टायल वा मार्वल बिछाउने, पानी ट्याङ्की र होडिङ्ग बोर्ड, दुध प्रशोधन गर्दा निस्कने फोहोरमैला व्यवस्थापन तथा पूर्वधार निर्माण गर्न सकिनेछ।

झ. दुग्धजन्य पदार्थ बिक्रि वितरण लागि सिसा तथा जालीको पार्टिशन ताथ आवश्यक पूर्वाधार तयार गर्न सकिनेछ।

ञ. छनौट भएका प्रस्तावकले उद्योग स्थापना गरि कम्तिमा ५ वर्षसम्म सञ्चालन गर्नुपर्नेछ । सो कार्य नगरेमा प्रचलित नियम कानुन अनुसार कारबाही हुनेछ ।

**१७. उद्योग छनौटको मापदण्डः** उद्योगहरुले देहाय बमोजिमको मापदण्ड पूरा गर्नुपर्नेछ ।

क. उद्योग नियमानुसार दर्ता भएको हुनुपर्नेछ ।

ख. विगत २ आर्थिक वर्षभित्र सरकारी निकायबाट अनुदान नलिएको हुनुपर्नेछ ।

ग. दुध तथा दुग्धजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरणमा सङ्कलन भएको कृषक उद्यमीलाई प्राथमिकता दिईनेछ ।

घ. आफ्नै स्वामित्वमा जग्गा भएको साझेदारी संस्थालाई प्राथमिकता दिईनेछ ।

ङ. भाडामा भए कम्तिमा १० वर्षको लागि भाडामा लिएको सम्झौता हुनुपर्नेछ ।

ट. साझेदार संस्थामा दैनिक १००० लिटर दुध सङ्कलन वा उत्पादन गरि प्रशोधन तथा दुग्धजन्य पदार्थको विविधिकरण गरेको हुनुपर्नेछ ।

## परिच्छेद ९

## पशुपन्छी सम्बन्धी जानकारी/प्रवर्द्धन/दिवश/महोत्सव

## (रेबिज, भेटेरिनरी, दुध, पशुपन्छी, अण्डा दिवश आदि)

**१८. कार्यक्रम सञ्चालन प्रक्रियाः**

१. शाखाले आफ्नो स्वीकृत कार्यक्रम अनुसार विश्व रेविज दिवश, विश्व भेटेरिनरी दिवश, विश्व दुध दिवश, विश्व पशुपन्छी दिवश, विश्व अण्डा दिवश, विश्व मत्स्य दिवश/ महोत्सव मनाउनेछ ।

२. दिवश/ महोत्सवलाई प्रभावकारी बनाउन सरोकारवालाको बैठक बोलाई आवश्यक छलफल, पूर्व तयारी र जिम्मेवारी बाँडफाँड गर्न सकिनेछ।

३. कार्यक्रममा विनियोजित बजेटबाट निम्न कार्यमा खर्च गर्न सकिनेछ।

क. दिवशका लागि आवश्यकता अनुसार सवारी साधन र अन्य उपयुक्त साधन भाडामा लिन,

ख. ईन्धन खरिद र विद्युतिय सामाग्री खरिद वा भाडामा दिन,

ग. सजावट सामाग्रीहरु तुल, व्यानर, पोष्टर छपाई, सान्दर्भिक डमी खरिद, निर्माण र ढुवानी,

घ. दिवश/ महोत्सवमा संलग्न हुनेहरुको खाजा, पानी, स्टेशनरी खर्च।

## परिच्छेद १०

## समिति सम्बन्धी व्यवस्था

**२१. अनुगमन र मुल्याङ्कन समितिः** कार्यक्रम सञ्चालन गर्नका लागि पेश भएका प्रस्तावहरुको मुल्याङ्कन गर्न देहाय बमोजिमको अनुगमन र मुल्याङ्कन समिति गठन हुनेछ।

| | |
|---|---|
| *नगरप्रमुख वा निजको अनुपस्थितिमा नगर उपप्रमुख | संयोजक |
| नगरउपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य |
| पशुपन्छी विकास शाखा प्रमुख | सदस्य सचिव |

मूल्याङ्कन समितिले बढिमा ३ जना सम्म कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद ११

## भुक्तानी प्रक्रिया

**२२. भुक्तानीको लागि पेश गर्नुपर्ने कागजातहरुः**

१. कार्यक्रममा सहभागि कृषक/समुह/समिति/सहकारी तथा निजि फार्मले काम सम्पन्न गरी भुक्तानीको लागि निम्नानुसार कागजातहरु संलग्न राखि शाखामा निवेदन पेश गर्नुपर्नेछ। यसरी भुक्तानीका लागि निवेदन पेश गर्दा देहाय बमोजिमको कागजातहरु संलग्न राखि पेश गर्नुपर्नेछ।

क. सम्झौता पत्रको प्रतिलिपि र कार्यदेशको प्रतिलिपि।

ख. स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिइ बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण।

ग. निर्माण कार्यका लागि प्राविधिकले तयार पारेको ईष्टिमेट।

घ. बिल बिजकहरुको सक्कल प्रति।

ङ. तयार गरिएको संरचना तथा खरिद गरिएको उपकरणको फोटो।

च. फार्ममा रहेको पशुवस्तुको बिमा गरिएको कागजातको प्रतिलिपि।

* पहिलो संशोधनद्धारा संसोधित।

छ. अनुदानग्राहीको कार्यसम्पन्न प्रतिवेदन।

ज. अनुदानग्राहीको हस्तलिखित निवेदन।

झ. सुचनापाटी/ होडिङ्ग बोर्डको फोटो।

ञ. आवश्यक निर्णयहरुको प्रतिलिपि आदि।

२. स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम अनुगमन र मुल्याङ्कन समितिले सिफारिस पश्चात अनुदान रकम उपलब्ध गराईने छ।

**२३. रकम उपलब्ध गरिने आधारहरुः**

अनुदानग्राहीहरुलाई देहाय बमोजिमको आधारमा रकम भुक्तानी गरिनेछ।

क. कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन।

ख. कार्यप्रगति र कार्यसम्पन्नता पश्चात मात्र रकम भुक्तानी गराईनेछ।

ग. एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरि समावेश गराईनेछैन।

घ. स्वीकृत कार्ययोजनामा उल्लेख गरिएको क्रियाकलापमा बाहेक अन्य कार्यमा खर्चमा रकम उपलब्ध हुनेछैन।

ङ. भुक्तानी कार्यक्रम सञ्चालको लागि खर्च भएको विवरण दुरुस्त राख्नुपर्नेछ।

च. कार्यसम्पन्न भएपश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विल भरपाई सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नुपर्नेछ।

छ. भुक्तानीका लागि पेश भएका निवेदनहरुको स्थलगत अनुगमन गरि प्रतिवेदनका आधारमा कानुन बमोजिम कर तथा कन्टिन्जेन्सी रकम कट्टी गरि अनुदानग्राहीलाई एसिपेयी चेक मार्फत दिईनेछ।

## परिच्छेद १२

## विविध

**२४.** यस कार्यविधिमा उल्लेख भएका व्यहोराहरू यसै बमोजिम र नभएका सर्त वा व्यहोराहरू प्रचलित कानुन बमोजिम हुनेछ।

**२५.** यस कार्यविधिमा उल्लेखित अनुदान सहयोग सुविधा प्रदान गर्दा वार्षिक स्वीकृत कार्यक्रममा विनियोजित बजेटको परिधिभित्र रही प्राथमिकताको आधारमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**२६.** यस कार्यविधि अनुसार उपलब्ध गराईएको सहयोग शर्त तथा योजना अनुसार खर्च गरेको वा सम्झौता अनुसार लगानी गरेको वा कार्य गरेको नपाईएमा अनुगमन तथा मुल्याङ्कन समितिले उक्त सहयोग रोक्का गर्ने, भविष्यमा निजलाई यस कार्यविधि अनुसार सहयोग नगर्ने, कार्यविधि अनुसार सहयोग गरेको रकम सरकारी बाकी सरह असुल गर्ने जस्ता कारवाही गर्न सक्नेछ।

२७. यस कार्यविधिको व्याख्यामा कुनै द्धिविधा भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ।

२८. यो कार्यविधि नगरपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ

अनुसुची - १

प्रस्ताव आव्हानको सुचनाको ढाँचा

**कावासोती नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

शिवमन्दिर, नवलपरासी(बढ्घाट सुस्ता पूर्व)

प्रस्ताव आव्हानको सुचना

**प्रथम पटक सुचना प्रकाशित मितिः……………..**

यस कार्यालयको आ.व. २०…./…./….को वार्षिक स्वीकृत कार्यक्रम …………………….. अनुसार निम्न लिखित कार्यक्रमहरु पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम लागत सहभागितामा कार्य गर्न ईच्छुक व्यवसायिक फार्म, कृषक, समुह,कम्पनि, निजी उद्यमी,सहकारीहरुले यो सुचना प्रकाशन भएको १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| **क्र.स.** | **कार्यक्रम** | **संख्या** | **कुल अनुदान रकम रु.** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

अनुसुची - २

**निवेदनको ढाँचा**

**श्रीमान् शाखा प्रमुख ज्यू,**
**पशुपन्छी तथा मत्स्य विकास शाखा**
**कावासोती नगरपालिका।**

**विषयः कार्ययोजना पेश गरिएको बारे।**

**महोदय,**

उपरोक्त विषयमा तँहा कार्यालयको मिति.................. गते .........................प्रकाशित सुचना अनुसार म/हामी निवेदकले ............................कार्यक्रम अन्तर्गतको कार्यक्रम सहकार्यमा सञ्चालन गर्न ईच्छुक भई अनुसुची ३ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखि यो निवेदन पेश गरेको छु/ छौ।

**निवेदकः**

नामः

ठेगानाः

फर्मको नामः

दस्तखत:

मितिः

सम्पर्क नं. :

## अनुसुची - ३

## व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनुपर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रतिलिपि
२. अनुसुची २ अनुसारको ढाँचामा निवेदन
३. अनुसुची ४ अनुसारको विस्तृत व्यवसायिक कार्ययोजना
४. जग्गाको स्वामित्व देखिने कागजात(भाडामा भए ५वर्षको सम्झौता पत्रको प्रतिलिपि)
५. प्रचलित कानुन अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
६. स्थायी लेखा नम्बर/ भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
७. प्रस्तावकले कम्तिमा ७५ प्रतिशत लागत सहभागिता गर्ने प्रतिवद्धता पत्र
८. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
९. शैक्षिक योग्यता, तालिम, अनुभव तथा बैदेशिक रोजगारीबाट फर्केको प्रमाणित प्रतिलिपि
१०. औजार उपकरण खरिदको हकमा कोटेशन।

## अनुसुची - ४

## कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना

कार्यक्रमको नामः

उद्यमी/ समुहको नामः सम्पर्क नम्बर .......................

ठेगाना.......................... गाँउ÷टोल .......................... वडा नं. .................. न.पा. ....................

१. व्यवसायको परिचयः

२. उद्देश्यहरुः

३. पशुपन्छी पालनको अवस्थाः

४. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुः

५. तालिम सम्बन्धी विवरणः

६. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.स. | सन्चालन गरिने क्रियाकलाप | माग गरिएको अनुदान सहयोग रु. | निजी लगानी रु. | जम्मा लगानी रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

७. व्यवसायबाट उत्पादन हुने बस्तु....................

८. उत्पादित वस्तुको परिमाण ....................

९. बजारयोग्य परिमाण ...............................

१०. व्यवसायको वातावरणीय उपयुक्तताः

११. उत्पादित वस्तुको बजार योजनाः

१२. थप आधारहरु

- उपलब्ध जग्गाको क्षेत्रफल
- अपेक्षित प्रतिफल
- व्यवसायको लागि श्रमको व्यवस्थापन
  क) पारिवारिकः
  ख) बाहिरबाटः
  ग) दुवैतर्फबाटः

सहि गर्नेकोः

नामः

संस्थाको छापः

पदः

दस्तखतः

मितिः

## अनुसुची - ५

## प्रस्ताव मुल्याङ्कनका आधारहरु

१. जिल्लाः

२. आवेदक संस्थाको नामः

३. कार्यक्रम संचालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. मुल्याङ्कनको आधारहरु

| क्र.स. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | १० | | |
| | सडक, विजुली,पानीको सुविधा भएको | ५ | | |
| | जग्गाको स्वामित्व भएको | ५ | | |
| २ | व्यवसाय सम्बन्धी अनुभव | १५ | | |
| | ३ वर्ष भन्दा कम | ५ | | |
| | ३ देखि ५ वर्ष | १० | | |
| | ५ वर्ष भन्दा माथी | १५ | | |
| ३ | सम्बन्धित व्यवसाय सम्बन्धी तालिम | १० | | |
| | ३ दिन सम्मको | २ | | |
| | ३ देखि ७ दिन सम्मको | ५ | | |
| | ७ दिन भन्दा माथी भए | १० | | |
| ४ | रोजगारीको अवस्था | १० | | |
| | कम्तिमा ३ जना सम्म | ५ | | |
| | ३ भन्दा वढि | १० | | |
| ५ | उत्पादित वस्तुको बजार योजना | ३० | | |
| | आफ्नै पहलमा उत्पादित वस्तुको बजारिकरण सुनिश्चतता आफ्नै आउटलेट भएको | ३० | | |
| | समुह/सहकारी वा संस्थागत तरिकाले उत्पादित वस्तुको बजारिकरण | २० | | |
| | बजारिकरणको योजना स्पष्ट नभएको | १० | | |
| ६ | जैविक सुरक्षाको व्यवस्थापन | १० | | |
| | राम्रो | १० | | |
| | ठिकै | ७ | | |
| ७ | शैक्षिक योग्यता | ५ | | |
| | SEE सम्म | २ | | |
| | SEE भन्दा माथी | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | वैदेशिक रोजगारीको अनुभव | ५ | | |
| | कम्तिमा १ वर्ष | २ | | |
| | १ वर्ष भन्दा माथी | ५ | | |
| ९ | फोहर व्यवस्थापन गरेको | ५ | | |

६. स्थलगत अनुगमनमा भेटिएका अन्य विवरणहरुः

७. स्थलगत अनुगमन टोलिको रायः

| नाम | दस्तखत | राय |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसुची ६
## भकारो सुधार कार्यक्रम मुल्याङ्कन आधारहरु

कृषकको नाम र ठेगानाः

व्यवसाय/फर्मको नामः

| क्र.स. | मूल्याङ्कनका आधारहरु | अङ्क |
|---|---|---|
| क) | **भकारो सुधार गर्न जमिनको उपलब्धता (जम्मा १० अङ्क)** | |
| | १) पर्याप्त तथा उपयुक्त जमिन भएको | 10 |
| | २) पर्याप्त तथा उपयुक्त जमिनको सम्भावना भएको | ५ |
| | ३) अपर्याप्त तथा अनुउपयुक्त जमिन भएको | 0 |
| ख) | **गाईभैसीको संख्या (जम्मा २० अङ्क)** | |
| | १) ३ वटा भन्दा कम माउ गाईभैसी | ५ |
| | २) ३ देखि ५ वटा माउ गाईभैसी | २० |
| | ३) ५ वटा भन्दा बढि माउ गाईभैसी | १० |
| ग) | **तरकारी खेती गरेको (जम्मा २० अङ्क)** | |
| | १) व्यवसायिक तरकारी खेती गरेको | १५ |
| | २) व्यवसायिक तरकारी खेती र अर्गानिक खेती गरेको | २० |
| | ३) तरकारी खेती नगरेको | ५ |
| घ) | **भकारोको अवस्था (जम्मा १० अङ्क)** | |
| | १) कच्ची | १० |
| | २) पक्की | ० |
| | ३) आधा कच्ची आधा पक्की | ५ |
| ङ) | **मुत्र बग्ने नाली बनाएको (जम्मा २० अङ्क)** | |
| | १) बनाएको | ० |
| | २) बनाउन जमिन भएको र बनाउन सक्ने | २० |
| | ३) बनाउनका लागि अनपयुक्त स्थान | ० |
| च) | **मलखादको अवस्था (जम्मा १० अङ्क)** | |
| | १) मल खाल्डो ५ मिटर भन्दा कम दुरीमा भएको र छानो नभएको | ५ |
| | २) मल खाल्डो ५ मिटर भन्दा बढि दुरीमा भएको र छानो भएको | ० |
| | ३) मल खाल्डो गोठ नजिकै भएको र छानो नभएको | १० |
| छ) | **पिछडिएको वर्ग/ जाति/भुकम्प प्रभावित/द्वन्द पिडित (जम्मा १०अङ्क)** | १० |
| | **जम्मा** | १०० |

**अनुगमन मितिः**

**अनुगमनकर्ताको नाम र पदः**

**हस्ताक्षरः**

## अनुसुची - ७
## सम्झौता पत्रको ढाँचा

कावासोती नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका कृषक, समुह वा सहकारी (यसपछि दोश्रो पक्ष) भनिने विच तपशिलको शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ ।

**तपसिल**

१) यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२) *पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सन्चालनका लागि कार्ययोजना अनुसार कुल रकम **रु. ..................** (अक्षेरुपी ............................) मध्ये बढिमा कार्यक्रम अनुसारको प्रतिशतले हुन आउने **रु. .................................** (अक्षेरुपी **......................)** रकम अनुदान स्वरुप उपलब्ध गराउने छ र बाँकी रकम दोस्रो पक्षले बेहोर्नु पर्नेछ ।

३) *दोस्रो पक्षले सम्झौता गरेपछि कुल रकमको कार्यक्रम अनुसारको प्रतिशत लागत सहभागिताले हुने रकम **रु .....................** (अक्षेरुपी **......................)** कावासोती नगरपालिकाको खातामा जम्मा गर्नुपर्नेछ ।

४) कार्यप्रगति तथा प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा कार्य सम्पन्न पश्चात अनुदान रकम एकमुष्ठ उपलब्ध गराईने छ ।

५) दोस्रो पक्षले प्रस्तावमा पेश गरेको बाहेक अन्य सामाग्री खरिद गर्न पाउने छैन ।

६) दोस्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङबोर्ड राख्नुपर्नेछ र खरिद गरेको सामाग्री प्रत्येकमा अनुदान रकम झल्कने गरि स्टीकर टाँस गर्नु पर्नेछ ।

७) पहिलो पक्षले नियमित रुपमा व्यवसाय सन्चालन गरे नगरेको अनुगमन गर्नेछ ।

८) यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउने सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितब्यको पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

९) सम्झौता भएको मितिले ०७ दिनभित्र लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ । यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ ।

१०) दोश्रो पक्षले यहि **मिति .....................** भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।

११) दोस्रो पक्षले पहिलो पक्षबाट अनुदान रकम लिईसकेपछि कम्तिमा पनि ५ बर्ष व्यवसाय गर्नुपर्नेछ यदि व्यवसाय सन्चालन नगरेमा प्रचलित कानुन अनुसार दण्ड सजाय हुनेछ ।

१२) यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरिलियौं/दियौं ।

| **दोश्रो पक्षको तर्फबाट** | **रोहवर** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |

*पहिलो संशोधनद्धारा संशोधित

| | | |
|---|---|---|
| नाम,थरः | नाम,थरः | नाम,थरः |
| ठेगानाः | पदः | पदः |
| संस्थाको नाम र छापः | कार्यालयः | कार्यालयः |
| | | छापः |

इति सम्बत्........................ साल ..................... महिना ......................गते रोज ......... शुभम् ।

नगरकार्यपालिकाबाट मिति २०८०/१०/२९ मा पारित यो पहिलो संशोधन कावासोती कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७५ को नियम (४) को उपनियम (१) बमोजिम प्रमाणिकरण गर्दछु।

(लिलाराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
मितिः२०८०/११/०२